**शिक्षा ऐन, २०२८ को आठौं संशोधन बमोजिम परीक्षामा सहभागी हुन पाउने गरी दरखास्त स्वीकृत भई अन्तिम नामावली प्रकाशित भएका उम्मेदवारहरुले पुनः दरखास्त फाराम भर्नु नपर्ने ।**

नेपाल सरकार

शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर

# पुनः दरखास्त आह्वानसम्बन्धी सूचना

सामुदायिक विद्यालयमा रिक्त शिक्षक पद स्थायी रुपले पदपूर्ति गर्न यस आयोगको २०७३ चैत्र १९ गते गोरखापत्रमा प्रकाशित विज्ञापन अनुसारको परीक्षा संचालन नहुँदै शिक्षा ऐन, २०२८ मा नवौं संशोधन भई देहायको योग्यता र शर्त पूरा गरेका अस्थायी शिक्षकहरु समेत उक्त परीक्षामा सहभागी हुन सक्ने व्यवस्था भएकोले सो परीक्षामा सम्मिलित हुन इच्छुक योग्य उम्मेदवारहरुबाट पुनः दरखास्त आह्वान गरिएको छ ।

**१. यस सूचना बमोजिम दरखास्त दिन पाउने संभाव्य उम्मेदवार :**

शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को दफा ११च बमोजिम आयोगको मिति २०७३ चैत्र १९ गते प्रकाशित विज्ञापन अनुसार दरखास्त दिने अन्तिम मितिसम्म सुविधा सहित अवकास लिनको लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुमा निवेदन दिएका उम्मेदवारहरुमध्ये यसै सूचनामा तोकिएको योग्यता र सर्त पूरा गरेका अस्थायी शिक्षकहरु ।

२. उम्मेदवारको वान्छनीय योग्यता

**२.१ : प्राथमिक तहको लागि**

कं) वि.नं. १०१ : सम्वत् २०६१/०४/२१ सम्म रिक्त रहेको पदमा २०४९/०९/२० गते भन्दाअघि अस्थायी नियुक्ति पाई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

ख) वि.नं. १०२ : सम्बत् २०६१/०४/२१ गतेसम्म रिक्त रहेको अस्थायी, लियन वा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गतको पदमा २०४९/०९/२१ गते पश्चात् नियुक्ति लिई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको हुनुपर्ने ।

ग) वि.नं. १०३ : सम्बत् २०६१/०४/२२ गतेदेखि २०७२/०६/०२ सम्म रिक्त भई पदपूर्ति हुन नसकेको पदमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन/अस्थायी/करार/सट्टा शिक्षकको पदमा नियुक्ति भई सोही अवधिसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

**२.२ : निम्न माध्यमिक तहको तहको लागि**

कं) वि.नं. २०१ : सम्वत् २०६१/०४/२१ सम्म रिक्त रहेको पदमा २०४९/०९/२० गते भन्दा अघि अस्थायी नियुक्ति पाई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

ख) वि.नं. २०२ : सम्बत् २०६१/०४/२१ गतेसम्म रिक्त रहेको अस्थायी वा लियन पदमा २०४९/०९/२१ गते पश्चात् नियुक्ति लिई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको हुनुपर्ने ।

ग) वि.नं. २०३ : सम्बत् २०६१/०४/२२ गतेदेखि २०७२/०६/०२ सम्म रिक्त भई पदपूर्ति हुन नसकेको पदमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन/अस्थायी/करार/सट्टा शिक्षकको पदमा नियुक्ति भई सोही अवधिसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

**२.३ : माध्यमिक तहको तहको लागि**

कं) वि.नं. ३०१ : सम्वत् २०६१/०४/२१ सम्म रिक्त रहेको पदमा २०४९/०९/२० गते भन्दा अघि अस्थायी नियुक्ति पाई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

ख) वि.नं. ३०२ : सम्बत् २०६१/०४/२१ गतेसम्म रिक्त रहेको अस्थायी वा लियन पद अन्तर्गत २०४९/०९/२१ गते पश्चात् नियुक्ति लिई २०७३ असार १५ गतेसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको हुनुपर्ने ।

ग) वि.नं. ३०३ : सम्बत २०६१/०४/२२ गतेदेखि २०७२/०६/०२ सम्म रिक्त भई पदपूर्ति हुन नसकेको पदमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन/अस्थायी/करार/सट्टा शिक्षकको पदमा नियुक्ति भई सोही अवधिसम्म अविच्छिन्न रुपमा अस्थायी कार्यरत रहेको हुनुपर्ने ।

**स्पष्टिकरण :- "अस्थायी शिक्षक" भन्नाले कुनै पनि तहको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति नलिएको शिक्षक सम्झनुपर्ने छ ।**

**३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम**

**३.१ : प्राथमिक तहको लागि २०६८ साल साउन १ गतेभन्दा अघि नियुक्ति हुनेको हकमा** माध्यमिक शिक्षा (एसएलसी) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको वा

- माध्यमिक शिक्षा (एसएलसी) मा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको ।

**२०६८ साल साउन १ गतेदेखि अस्थायी नियुक्ति हुनेको हकमा**

- प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको ।

**३.२ : निम्नमाध्यमिक तहको लागि**

- परीक्षा दिन चाहेको विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको ।
- गणित/विज्ञान विषयमा उम्मेदवार हुनको लागि गणित र विज्ञान दुवै विषय लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको ।
- सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको ।

→ दुईसय पूर्णाङ्कको शिक्षा विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ । त्यस्तै, कक्षा १२ को विशेष शिक्षाको परीक्षा उत्तीर्ण गरेको योग्यतालाई प्रमाणपत्र तह वा सो सरह र तालिम दुबै मानिनेछ ।

**तर,** निम्नमाध्यमिक तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वा माथिल्लो तहको शैक्षिक योग्यता वा सो सरहको अन्य शैक्षिक योग्यतामा मूल विषय फरक भए त्यसमध्ये कुनै एक मूल विषयमा दरखास्त दिन पाइनेछ ।

**३.३ : माध्यमिक तहको लागि**

- परीक्षा दिन चाहेको विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।
- सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको ।
- स्वास्थ्य, जनसंख्या तथा बातावरण विषयमा उम्मेदवार बन्नको लागि स्वास्थ्य, स्वास्थ्य र शारीरिक, जनसंख्या, वातावरण विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको ।
- विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन र वाली विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र लिएको व्यक्ति तालिम नलिएको भए तापनि विज्ञापन नं. ३०३/०७३ मा उम्मेदवार हुन सक्नेछ ।

→ शिक्षा शास्त्र सङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिने छ । साथै निम्नमाध्यमिक तह द्वितीय श्रेणीमा कार्यरत अस्थायी शिक्षकले माध्यमिक तह तृतीय श्रेणीमा दरखास्त फाराम भर्न सक्नेछन् ।

**तर,** माध्यमिक तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वा माथिल्लो तहको शैक्षिक योग्यता वा सो सरहको अन्य शैक्षिक योग्यतामा मूल विषय फरक फरक लिएको भए त्यसमध्ये कुनै एक मूल विषयमा दरखास्त दिन पाइनेछ ।

**४. दरखास्त फाराम साथ अनिवार्य रुपमा पेस गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित तहको शैक्षिक योग्यता र १० महिने तालिमका प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको प्रमाणपत्र भए समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि समेत)
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- सम्बन्धित तहको नियुक्तिपत्र, समर्थन पत्र वा अभिलेखीकरणको प्रतिलिपि
- सरुवा भएको भए सरुवा पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र
- वि.नं. १०१, १०२, २०१, २०२, ३०१ र ३०२ को हकमा सम्बन्धित तहको रिक्त अस्थायी/करार/लियन/सट्टा पदमा नियुक्ति लिई सम्बत् २०७३ असार १५ गतेसम्म र वि.नं. १०३,२०३ र ३०३ को हकमा सम्बन्धित तहको रिक्त/अस्थायी/करार/लियन/वा सट्टा पदमा २०७२/०६/०२ गते सम्म नियुक्ति लिई सोही अवधिसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको भनी तोकिएको ढाँचामा जिल्ला शिक्षा अधिकारीले प्रमाणित गरी दिएको सक्कल पत्र
- दरखास्त फारामसाथ संलग्न कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ । उल्लिखित कागजातहरुको अनिवार्य रुपमा पंजिका बनाई पेस गर्नुपर्नेछ ।

**५. परीक्षाको किसिम :** लिखित र आवश्यकतानुसार अन्तर्वार्ता ।

**६. परीक्षा दस्तुर र भौचर :**

६.१ माध्यमिक तहको लागि रु. १,०००/-

६.२ निम्न माध्यमिक तहको लागि रु ७००/-

६.३ प्राथमिक तहको लागि रु. ५००/-

- ∞परीक्षा दस्तुर सम्बन्धित निकायले तोकेको बैंकबाट दरखास्त संकलन केन्द्रकै कार्यालय कोडमा जम्मा हुने गरी सम्बन्धित जिल्लाको राजश्व संकलन गर्न तोकिएको वैकमा राजश्व शिर्षक नं. १४२२४ परीक्षा शुल्कमा रकम बुझाई सो को भौचर दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ ।

७. दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रवेशपत्र परीक्षा हुने मिति भन्दा (३) तीन दिनअघि देखि सम्बन्धित जिल्लाको तोकिएको परीक्षा केन्द्रबाट वितरण हुने छ ।

८. **लिखित परीक्षा हुने जिल्ला :** लिखित परीक्षा संचालन हुने जिल्लाहरु पूर्व सूचना अनुसार यथावत राखिएको छ ।

९. **दरखास्त दिने स्थान :** उम्मेदवारले दरखास्त फाराम देहायअनुसारको केन्द्रमा बुझाउनु पर्नेछ :-

**तपसिल**

| क्र.सं. | दरखास्त बुझाउने केन्द्र | उम्मेदवार कार्यरत जिल्लाहरु |
|---|---|---|
| १. | शैक्षिक तालिम केन्द्र, झापा | ताप्लेजुङ, पाँचथर, इलाम र झापा |
| २. | क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा | संखुवासभा, तेह्रथुम, भोजपुर र धनकुटा |
| ३. | शैक्षिक तालिम केन्द्र, सुनसरी | उदयपुर, सिरहा, सप्तरी, मोरङ र सुनसरी |
| ४. | शैक्षिक तालिम केन्द्र, काभ्रेपलाञ्चोकले व्यवस्था गरेको केन्द्र | रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सोलुखुम्बु, खोटाङ र ओखलढुंगा |
| ५. | शैक्षिक तालिम केन्द्र, धनुषा | सिन्धुली, धनुषा, महोत्तरी र सर्लाही |
| ६. | क्षेत्रीय शिक्षा निर्देशनालय, मकवानपुर, हेटौडा | वारा, पर्सा, रौतहट, मकवानपुर र चितवन |
| ७. | शैक्षिक तालिम केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, धादिङ, रसुवा र नुवाकोट |
| ८. | शैक्षिक तालिम केन्द्र, तनहुँ, दमौली | लमजुङ, तनहुँ, गोरखा र मनाङ |
| ९. | क्षेत्रीय शिक्षा निर्देशनालय, कास्की, पोखरा | कास्की, स्याङजा, मुस्ताङ, म्याग्दी, वाग्लुङ र पर्वत |
| १०. | शैक्षिक तालिम केन्द्र, रुपन्देही | नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखाँची |
| ११. | शैक्षिक तालिम केन्द्र, दाङ | रुकुम, रोल्पा, सल्यान, प्युठान र दाङ |
| १२. | क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत | बाँके, वर्दिया, जाजरकोट, दैलेख, सुर्खेत |
| १३. | जिल्ला शिक्षा कार्यालय, जुम्ला | जुम्ला, मुगु, कालिकोट |
| १४. | जिल्ला शिक्षा कार्यालय, डोल्पा | डोल्पा |
| १५. | जिल्ला शिक्षा कार्यालय, हुम्ला | हुम्ला |
| १६. | क्षेत्रीय शिक्षा निर्देशनालय, डोटी दिपायल | बझाङ, वाजुरा, अछाम, वैतडी, डँडेल्धुरा र डोटी |
| १७. | शैक्षिक तालिम केन्द्र, कञ्चनपुर | दार्चुला, कञ्चनपुर र कैलाली |

१०. **दरखास्त फाराम बुझाउने अन्तिम मिति :** मिति २०७४ मार्ग ३ गतेसम्म कार्यालय समयभित्र । दोब्बर दस्तुरको व्यवस्था गरिएको छैन ।

११. शिक्षा ऐन, २०२८ को आठौं र नवौं संशोधन बमोजिम परीक्षामा सहभागी हुन पाउने गरी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको अन्तिम नामावली, परीक्षा मिति र समय पछि प्रकाशित गरिने छ ।

१२. **अन्तर्वार्ता मिति र स्थान :** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै अन्तरवार्ता मिति, समय र स्थान तोकिनेछ ।

**१३.विज्ञापनसम्बन्धी थप जानकारी**

- दरखास्त फाराम, शिक्षा ऐन, २०२८ (नवौं संशोधन) बमोजिम पदपूर्ति गरिने तहगत, जिल्लागत र क्षेत्रगत पदसंख्या सम्बन्धी विवरण र सम्बन्धित तहको परीक्षाको पाठ्यक्रम आयोगको Website : www.tsc.gov.np मा राखिएको छ । आवेदन फाराम डाउनलोड गरी आफूले परीक्षा दिने विज्ञापन नं., तह र विषय (मावि र निमावि को हकमा) स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।
- यस आयोगको पूर्व सूचना अनुसार एक मात्र पदसंख्या भई सो पद खुलातर्फ गएको कारणले सो विषयमा आवेदन स्वीकृत नभएकोमा शिक्षा ऐन, २०२८ (नवौं संशोधन) ले त्यस्तो पदमा अस्थायी शिक्षकले अब प्रतिस्पर्धा गर्न पाउने भएकोले यस अघि फरक विषयमा दरखास्त दिएका उम्मेदवारले दरखास्त दिन पाउने छन् । दरखास्त फाराम भरिसकेका उम्मेदवारले विषय परिवर्तन गर्न चाहेमा शिक्षक सेवा आयोगमा निवेदन दिनुपर्ने छ ।
- शिक्षा ऐन, २०२८ नवौं संशोधनको दफा ११च. को उपदफा (१)(ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१), (२) र (३) (३क) बमोजिमका कार्यरत अस्थायी शिक्षकको हकमा उमेरको हद लाग्ने छैन ।

- शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम (१०) बमोजिम उम्मेदवार अयोग्य नभएको हुनु पर्नेछ ।
  प्राथमिक तहको जिल्ला स्तरमा र निम्न माध्यमिक र माध्यमिक तहको लिखित प्रतिस्पर्धा क्षेत्रीय स्तरमा हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।
- मावि र निमाविको हकमा एउटा उम्मेदवार एक विज्ञापनको निर्दिष्ट विषयमा मात्र उम्मेदवार हुन पाउने छ ।
- आवेदन फाराममा झुट्ठा विवरण पेस भएको पाइएमा दरखास्त फाराम अस्वीकृत हुनेछ । दरखास्त फाराम स्वीकृत गर्ने अन्तिम अधिकार आयोगमा सुरक्षित रहने छ । रीत नपुगेको वा सर्त राखी कुनै पनि दरखास्त फाराम स्वीकृत गरिने छैन ।

∞परीक्षा दस्तुर सम्बन्धी थप जानकारी